# प्रभाव दैनिक
National Daily



**फलफूल रोपौं, आम्दानी बढाऔं**

- एकपटक लगाएको फलफूलको बिरूवाले वर्षौं आम्दानी दिन सक्छ,
- तराई, पहाड र हिमाल जहाँ पनि फलफूल खेती गर्न सकिन्छ,
- थोरै लगानीमा पनि धेरै आम्दानी गर्न सकिन्छ,
- फलफूलको खेती गरौ समृद्ध बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष १० | अंक २६ | काठमाडौं | शुक्रबार, ५ जेठ २०८० | Prabhab National Daily | Friday, May 19, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


तानिए थप दुई 'हाइ प्रोफाइल'

## शरणार्थी नेता विमानस्थलबाट, मियाँ सिंहदरबारबाट



शमशेर मियाँ



टेकनाथ रिजाल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाउने भन्दै ठगी गरेको प्रकरणमा बिहीबार प्रहरीले थप दुई जना उच्चपदस्थलाई नियन्त्रणमा लिएको छ । प्रहरीले भुटानी शरणार्थी नेता टेकनाथ रिजाल र नेपाल हज समितिका अध्यक्ष शमशेर मियाँलाई नियन्त्रणमा लिएको हो ।

रिजाललाई झापाबाट काठमाडौं आउने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले नियन्त्रणमा लिएको थियो भने मियाँलाई सिंहदरबारस्थित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट । काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार दुवै जनालाई हिरासतमा राखेर अनुसन्धान गर्न दुई दिनको म्याद दिएको छ ।

### किन पक्राउ परे रिजाल र मियाँ ?

पछिल्लोपटक पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी पक्राउपछि यो घटनाको अनुसन्धान टुंगोतर्फ पुऱ्याउनेतिर प्रहरी लागेको बताइएको थियो । यस घटनामा पूर्वगृहमन्त्री बालकृष्ण खाणसमेत प्रहरी हिरासतमा छन् । खाणपत्नी मञ्जु खाण, कांग्रेस केन्द्रीय सदस्य एवं सांसद डा. आरजु देउवा, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख प्रेमकुमार राईको नाम मुछिए पनि यो किनारा लाग्दै थियो । नक्कली शरणार्थी प्रकरण सेलाउँदै गएको बेला दुई 'हाइ प्रोफाइल' प्रहरीले पक्रेको हो ।

रिजालमाथि यसअघि हिरासतमा परेका सानु भण्डारीसँग आर्थिक कारोबार भएको पाइएपछि अनुसन्धानका लागि पक्राउ गरिएको प्रहरीले जनाएको छ । विगतमा रिजालले बाँकी रहेका शरणार्थीको पुनर्वासका लागि पहल गरेका थिए । सोही आधारमा सरकारले कार्यदल गठन गरेको थियो ।

यता हज समितिका अध्यक्ष मियाँलाई भने गिरोहसँगको मिलेमतो गरेको आरोप छ । उनले हज समितिका लागि प्रयोग गर्न दिएको गाडी गिरोहलाई प्रयोग गर्न दिएको खुलेको प्रहरीले जनाएको छ । उक्त सरकारी गाडी अहिले प्रहरीले नियन्त्रणमा लिइसकेको छ ।

भुटानी शरणार्थी प्रकरणमा उक्त समितिको गाडी प्रयोग भएको खुलासा (बाँकी पृष्ठ २ मा)

**नक्कली शरणार्थी प्रकरण**

### को कहिले पक्राउ ?

२०७९ चैत १२ गते काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले ललितपुर घर भएका ५० वर्षीय सानु भण्डारी, मोरङ पथरी शनिश्चरे घर भएका केशवप्रसाद दुलाल र ललितपुरमा बस्दै आएका ४५ वर्षीय टंककुमार गुरुङलाई पक्राउ गरी सार्वजनिक गरिएको थियो ।

तीन दिनपछि अर्का एक अभियुक्तलाई पनि प्रहरीले पक्राउ गरेर सार्वजनिक गऱ्यो । उनी मोरङ पथरी घर भएका ४४ वर्षीय सागर राई थिए । राईलाई चैत १५ गते पक्राउ गरेको थियो । त्यही समूहसँग मिलेर राईले ५० जनाभन्दा बढीसँग तीन करोड २४ लाख रूपैयाँ ठगी गरेको (बाँकी पृष्ठ २ मा)

# प्रधानमन्त्रीलाई च्याखच्याख




■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाललाई शरणार्थी प्रकरणमा सांसदहरूले बिहीबार च्याखच्याख पारे । सरकार गठन भएको पाँच महिना हुन लाग्दा सांसदहरूले प्रतिनिधिसभा नियमावलीअनुसार प्रधानमन्त्रीलाई पहिलोपटक प्रश्नैप्रश्न वर्षाउने मौका पाएका हुन् । प्रधानमन्त्री दाहालले सांसदहरूको प्रश्नको पालैपालो जवाफ दिए ।

प्रधानमन्त्री दाहाललाई स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले बहुदलपछिका सबै भ्रष्टाचार काण्डको छानबिनबारे प्रश्न गरेका थिए । जवाफमा दाहालले नक्कली भुटानी शरणार्थी प्रकरणसँगै अन्य ठूलाठूला काण्डबारे पनि छानबिन गर्न सरकार तयार रहेको बताए । तर, सबै भ्रष्टाचारका काण्डको छानबिनका लागि दलहरू सहमत हुनुपर्ने बताए ।

> क्यान्टोनमेन्टको कुरा कपोलकल्पित र पूर्वाग्रही छ भन्ने मेरो दृढ विश्वास छ । फेरि पनि कसैले दिएको उजुरीकै आधारमा छानबिन गरेर दोषी ठहरिए म आफैं जेल जान तयार रहेको कुरा जानकारी गराउन चाहन्छु ।

'सबै ठूलाठूला काण्ड, हत्याकाण्ड या भ्रष्टाचारका काण्डको छानबिन प्रक्रिया अगाडि बढाउनेबारे सरकार गम्भीररूपले लागिरहेको जानकारी म फेरि दोहोऱ्याउन चाहन्छु,' सांसद सिंहले ओम्नी काण्डदेखि ललिता निवासको जग्गा हिनामिना, वाइडबडी जहाज खरिद प्रकरणको छानबिनबारे सोधेको प्रश्नमा यस्तो जवाफ दिए प्रधानमन्त्रीले ।

सांसद सर्वेन्द्रनाथ शुक्लले पनि डा. सिंहलेजस्तै प्रश्न गरे । भुटानी शरणार्थीको नक्कली परिचयपत्र बनाएर ठगी गरेको प्रकरणको छानबिन र अनुसन्धानमा प्रहरी सक्रिय रहेको पृष्ठभूमिमा शुक्लले भ्रष्टाचारका अनेक काण्डको अनुसन्धानका लागि कानुन संशोधन गर्नुपरे त्यसतर्फ ध्यान दिनुपर्नेबारे सोधेका थिए । दाहालले सरकारको ध्यान नक्कली शरणार्थी प्रकरणमामात्रै केन्द्रित नभएको दाबी गर्दै पुँजीबजारका बेथितिविरुद्ध पनि अभियान सुरु गरेको बताए ।

'नक्कली भुटानी शरणार्थीको मुद्दामात्रै होइन, विगतका तमाम घटना जो विवादमा रहे ती सबैको छानबिन गर्ने कुरा, सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित ठूलठूला केसलाई छानबिन गर्ने र दोषीलाई कारबाही गर्ने कुरा अनि राजस्वमा भएका ठूलठूला चलखेलबारे छानबिन गर्ने कुरा, अरू पुँजीबजारसँग सम्बन्धित ठूलठूला सेटिङलाई भत्काउने काम सरकारले सुरू गरिसकेको छ,' प्रधानमन्त्रीले भने ।

तर, उनी पनि भ्रष्टाचारमा यसअघि नै मुछिएका नेता हुन् । उनी भ्रष्टाचारमा मुछिएको पूर्वमाओवादी लडाकु शिविर काण्डमा हो । यसबारे राप्रपा सांसद ज्ञानेन्द्र शाहीले प्रधानमन्त्रीलाई संसद्मा प्रश्न गरे । प्रधानमन्त्रीले भने टुंगो लागिसकेको विषयमा राजनीतिक पूर्वाग्रह राखी प्रश्न उठाउने गरिएको पनि असन्तुष्टि जनाए । उनले शिविरमा भएको भनिएको भ्रष्टाचारको काण्ड कपोलकल्पित र पूर्वाग्रही भएको दाबी गरे । यदि, कसैले उजुरी दिए र अदालतले दोषी ठहऱ्याए जेल जान तयार रहेकोसमेत बताएका छन् । प्रचण्डले पहिलोपटक यस्तो भनेका हुन् ।

संसद्मा उनले भने, 'यदि त्यस्तो केही छ, छानबिन गर्नुपर्छ भने २०४८ यताकै सबै उच्चपदस्थको सम्पत्तिबारे छानबिन गर्न तयार छु,' उनले भने, 'क्यान्टोनमेन्टको कुरा कपोलकल्पित र पूर्वाग्रही छ भन्ने (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# वैशाखमा ५० हजारभन्दा बढी विदेशिए

वैशाखमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या चैतको तुलनामा घटेको छ ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि चालु आर्थिक वर्षको १०औं महिना अर्थात् वैशाखमा ५० हजारभन्दा बढी नेपालीले श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार वैशाख महिनामा ५४ हजार ४५७ जना नेपालीले नयाँ तथा पुन: श्रम स्वीकृति लिएका हुन् ।

वैशाखमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या चैतको तुलनामा घटेको छ । चैतमा ६१ हजार ४७८ जनाले रोजगारीका लागि विदेश जान श्रम स्वीकृति लिएका थिए । वैशाखमा यस्तो संख्या सात हजार २१ जना न्यून भएको छ ।

यसअघि फागुन महिनामा ६१ हजार ८४५ जनाले रोजगारीका लागि विदेश जान श्रम स्वीकृति लिएका थिए । माघ महिनामा ६४ हजार २८४ र पुसमा ६५ हजार ४६४ जनाले श्रम स्वीकृति लिएको देखिन्छ । तथ्यांक हेर्दा गत आर्थिक वर्षबाट पुरानै लयमा फर्किएको वैदेशिक रोजगारीको यात्रा विस्तारै खस्किंदै गएको देखिन्छ ।

चालु आर्थिक वर्षको सुरुआतदेखि नै पहिलो गन्तव्य बनेको मलेसिया जाने नेपाली कामदारहरूको संख्यामा पनि केही महिनादेखि घट्दै गएको देखिएको छ । वैशाख महिनामा १४ हजार ६३४ जनाले मलेसिया जान श्रम स्वीकृति लिएका छन् । गत चैतको तुलनामा वैशाखमा श्रम स्वीकृति लिनेको संख्या एक हजार ६२२ ले कम हो । वैशाखको




### धेरै नेपाली जाने १० मुलुक

| | |
|---|---|
| मलेसिया | - १४६३४ |
| कतार | - १०२३० |
| युएई | - ९४८३ |
| साउदी | - ८६८१ |
| कोरिया | - २५७४ |
| कुवेत | - २११० |
| रोमानिया | - १६०६ |
| जापानमा | - ८१७ |
| पोल्याण्ड | - ६३५ |
| बहराइन | - ५०५ |

संख्या अघिल्लो महिना फागुनको भन्दा पाँच हजार १८१ ले कम हो । यद्यपि, विभागले सार्वजनिक गरेको तथ्यांकको आधारमा अझैपनि मलेसिया नेपालीहरूको पहिलो रोजाइको गन्तव्यको रूपमा कायम छ ।

यसैगरी वैशाख महिनामा रोजगारीका लागि कतार जान १० हजार २३० जनाले श्रम स्वीकृति लिएका छन् । कतार जाने नेपालीको संख्या पनि क्रमिकरूपमा घट्दै गएको छ । विभागको तथ्यांकअनुसार कतार जान चैत महिनामा ११ हजार २४९, फागुन महिनामा ११ हजार ३०३, माघ महिनामा १२ हजार ७०४ र पुस महिनामा १३ हजार ६६ जनाले श्रम स्वीकृति लिएका छन् ।


यस्तै संयुक्त अरब इमिरेट्स (युएई) मा नौ हजार ४८३, साउदी अरेबियामा आठ हजार ६८१ र कुवेतमा दुई हजार ११० जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ । चैत महिनाको तुलनामा युएई, साउदी र कुवेत जाने नेपालीको संख्यामा पनि गिरावट आएको छ । रोजगारीमा जाने नेपाली कामदारको संख्यामा कमी आए पनि उल्लिखित पाँच मुलुकले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा ओगटेको देखिन्छ ।

यसैगरी रोमानियामा एक हजार ६०६, जापानमा ८१७, पोल्याण्ड ६३५, बहराइनमा ५०५, साइप्रसमा ४६०, माल्दिभ्समा ४३०, ओमानमा ३५०, माल्टामा २५७ र क्रोएसियामा २१६ जनाले रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् । त्यस्तै इपिएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्या दुई हजार ५७४ रहेको छ । विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुन: श्रम स्वीकृति लिने २१ हजार १७ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३३ हजार ४४० जना रहेका छन् । वैशाख महिनामा श्रम स्वीकृति लिनेमध्ये चार हजार ९४८ जना महिला रहेको विभागले उल्लेख गरेको छ ।

विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार जिल्लागतरूपमा धनुषाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ भने सिरहा दोस्रो स्थानमा रहेको छ । यस्तै झापा र मोरङ क्रमश: तेस्रो र चौथो स्थानमा छन् भने महोत्तरी पाँचौंमा रहेको छ । त्यसैगरी सुनसरी, रूपन्देही, सर्लाही, सप्तरी, कपिलवस्तु र चितवनबाट पनि विदेश जानेको संख्या ठूलो रहेको छ । चालु आर्थिक वर्षको सुरुआतीदेखि नै रोजगारीका लागि विदेशिने नेपालीको संख्यामा वृद्धि हुँदा यो १० महिनाको अवधिमा छ लाख ८८ हजार ५०० जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ ।


**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**



ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?**



नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## शरणार्थी नेता...

पृष्ठ १ बाट जारी

भएको प्रहरीले जनाएको छ । गृह मन्त्रालयको स्वामित्वमा रहेको बिएबी-१४०५ नम्बरको निशान पेट्रोल जिप पीडितहरूलाई बायोमेट्रिक गराउन र अन्तर्वार्ता दिन बोलाएर गिरोहका सदस्यहरू उक्त गाडीमा जाने गरेको प्रहरीको दाबी छ ।

चितवनको सौराहा र काठमाडौंको सुन्धारालगायतका ठाउँमा अन्तर्वार्ता लिन जाँदा गिरोहका सदस्यहरूले उक्त गाडी प्रयोग गरेको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा प्रहरीले अनुसन्धान थालेपछि हज समितिका अध्यक्ष मियाँ सम्पर्कविहीन भएका थिए ।

## बागमतीमा...

पृष्ठ १ बाट जारी

उजुरी परेपछि समातिएका थिए ।

दाङ घर भएका ३३ वर्षीय सन्देश शर्मा चैत २९ गते पक्रिए । उनीहरूले झापा, मोरङ, सुनसरी, दाङ, बाग्लुङ लगायतका मानिसलाई अमेरिका पठाउने भन्दै १० देखि ४५ लाख रूपैयाँसम्म लिएको खुलेको थियो ।

२० दिनपछि प्रहरीले वैशाख १९ गते तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सल्लाहकार इन्द्रजित राई पक्राउ परे । त्यसपछि थप अभियुक्त खुल्दै गए । त्यसको भोलिपल्ट वैशाख २० गते सरकारका सचिव टेकनारायण पाण्डे पनि पक्राउ परे । उपराष्ट्रपति कार्यालयमा कार्यरत सचिव पक्राउ परेपछि ठूलै तरंग ल्यायो । त्यही दिन नेकपा एमालेका सचिव एवं पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी र उनको छोरा सन्दीपविरुद्ध पक्राउ पुर्जी जारी भयो ।

वैशाख २० गते साँझ बुटवलबाट छोरा पक्रिँदा रायमाझी भने फरार रहे । वैशाख २६ गते काठमाडौंको टोखा बस्ने रामशरण केसी र मोरङ घर भएका गोविन्द चौधरी पनि प्रहरीको नियन्त्रणमा आए । उनीहरू बिचौलियाका रूपमा काम गरेको प्रहरीको अनुसन्धानमा खुलेको छ ।

वैशाख २७ गते बिहानै काठमाडौंको चुच्चेपाटीबाट पूर्वगृहमन्त्री एवं कांग्रेस नेता बालकृष्ण खाणलाई प्रहरीले नियन्त्रणमा लियो । यसले झन् राजनीतिक क्षेत्रमा तरंग नै ल्यायो । खाणसँगै उनका स्वकीय सचिव नरेन्द्र केसी पनि पक्रिए ।

११ दिन फरार रहेका टोपबहादुर वैशाख ३१ गते काठमाडौंको बूढानीलकण्ठबाट नियन्त्रणमा आए । कांग्रेसका पूर्वसभासद आङटावा शेर्पाले सोमबार प्रहरीमा आत्मसमर्पण गरे । अहिले यस प्रकरणमा १६ जना हिरासतमा छन् । इन्द्रजित राईका छोरा नीरज र रामबहादुर थापाका छोरा प्रतीक भने अझै फरार छन् । उक्त प्रकरणमा २३ करोड २५ लाख रूपैयाँ ठगी भएको भन्दै प्रहरीमा जाहेरी दिएका थिए ।

## प्रधानमन्त्रीलाई...

पृष्ठ १ बाट जारी

मेरो दृढ विश्वास छ । फेरि पनि कसैले दिएको उजुरीकै आधारमा छानबिन गरेर दोषी ठहरिए म आफैं जेल जान तयार रहेको कुरा जानकारी गराउन चाहन्छु ।'

तर, नक्कली शरणार्थी प्रकरणमा जारी अनुसन्धानले संलग्न भनिएका ठूला व्यक्तिलाई उन्मुक्ति दिने हो कि भन्ने संशय भइरहेको नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले बताए ।

प्रधानमन्त्री दाहालले भने कसैलाई छुट नदिइने प्रतिबद्धता जनाए । सत्तारूढमध्येकै दल नेकपा एकीकृत समाजवादीले काठमाडौंको माइतीघरमा भुटानी शरणार्थीको नक्कली परिचयपत्र बनाएर ठगी गरेको प्रकरणमा प्रदर्शन गरेकै बेला उता संसद्मा सुवालले यस्तो आशंका व्यक्त गरेका हुन् । प्रधानमन्त्रीले भने छानबिन निष्पक्ष हुने भन्दै सुवाललाई आश्वास्त पार्ने प्रयास गरे ।



'मुद्दा अब कुनै पार्टी विशेषको, सरकार विशेषको या कुनै नेता विशेषको मात्रै रहेको छैन । यो राष्ट्रियमात्रै होइन अन्तर्राष्ट्रिय विषय पनि भइसकेको छ,' उनले भने, 'सबै अन्तर्राष्ट्रिय संघसंस्थाहरूले पनि बडो गम्भीर रूपले यो विषय हेरिसकेको अवस्था पनि छ ।'

नेकपा एकीकृत समाजवादीका सांसद मेटमणि चौधरीको तर्फबाट सांसद शेरबहादुर कुँवरले राखेको शरणार्थी प्रकरणसम्बन्धी प्रश्नमा प्रधानमन्त्रीले दोषी देखिएका जुनसुकै तहका पदाधिकारी र व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याउन सरकारले कुनै कसर बाँकी नराखेको पनि उल्लेख गरे । उनका अनुसार प्रहरीलाई स्वतन्त्रपूर्वक निष्पक्ष रूपमा अनुसन्धान गर्न दिइएको छ ।

उनले भने, 'नेपाल प्रहरीको निष्पक्ष र व्यावसायिक अनुसन्धान कार्यमा कुनै निकायबाट पनि हस्तक्षेप भएको छैन । हस्तक्षेप गरिने छैन र हस्तक्षेप हुन दिइने पनि छैन । जुनसुकै तह र तप्काका भए पनि यो अपराधमा संलग्न जोकोही पनि कानुनको दायरामा आउने नै छन् र त्यो प्रक्रिया अगाडि बढिसकेको छ ।'

एमाले सांसद विद्या भट्टराईले भने शरणार्थी प्रकरणबारे जारी अनुसन्धान 'स्टन्ट' र सस्तो लोकप्रियताका लागि हो कि भन्ने शंका व्यक्त गरिन् । आफू आबद्ध दल एमालेका सचिव तथा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, एमालेकै उपाध्यक्ष रामबहादुर थापा गृहमन्त्री हुँदाका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राईलगायत नेताहरू यही प्रकरणमा पक्राउ परिसकेको सन्दर्भमा सांसद भट्टराईले आशंकायुक्त प्रश्न गरेकी हुन् ।

दाहालले भने सबै प्रकारका अनियमितता र भ्रष्टाचारजन्य कार्यको अधिकारप्राप्त निकायहरूबाट छानबिन गरी टुंगोमा पुऱ्याउन निर्ममतापूर्वक कारबाही गर्न सरकार प्रतिबद्ध रहेको बताए । उनी स्टन्टबाजीको रूपमा सोच्नु पनि ठूलो भूल भएको भन्दै प्रतिरक्षामा उत्रिए ।

'जहाँसम्म नक्कली भुटानी शरणार्थी बनाउने कुरा छ,' दाहालले भने, 'यो करिब तीन करोड नेपालीका आँखा केन्द्रित भएको र विश्वको ध्यान पनि केन्द्रित भएको हुनाले यो कुनै स्टन्टबाजी गर्ने कुरा सोच्नु पनि ठूलो भूल हुन्छ ।'

एकपछि अर्का सांसदको प्रश्न लगातार शरणार्थी प्रकरणसम्बन्धी थियो । प्रधानमन्त्री दाहालले शरणार्थी प्रकरण देशकै इज्जत र प्रतिष्ठासँग जोडिएको जवाफ दिने क्रममा भन्न भ्याए ।

कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडूले नेपालको राजनीतिक नक्सामा समावेश गरिएको भूमि प्राप्ति, रास्वपा सांसद शिशिर खनालले उपनिर्वाचनको प्रचारको क्रममा प्रधानमन्त्रीले चढेको हेलिकप्टर चार्टर्डको खर्च, एमाले सांसद पदम गिरीले स्थानीय तहमा जाने समानीकरण बजेट कटौती र जनमोर्चाका सांसद चित्रबहादुर केसीले प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण भारतबारे प्रश्न राखेका थिए ।


## प्रेस विज्ञप्ती

यस **त्रिपल स्टार इम्प्लोयमेन्ट प्रा ली** को नाम लिएर यस कम्पनी संग सम्बन्ध र सरोकार नभएको पारस कार्की र **रुद्र बहादुर राना** नाम गरेको व्यक्तिले राम्रो काममा युरोप लगायत विदेश पठाईदिन्छु भनि विभिन्न मानिसहरूसंग रकम लिने गरेको भन्ने गुनासो सुनिन आएकोले त्यस तर्फ हाम्रो गम्भीर धनाकर्षण भएको छ ।

निज **पारस कार्की** र **रुद्र बहादुर राना** भन्ने मानिस यस कम्पनीका संचालक, शेयरधनी, कर्मचारी, एजेन्ट वा अन्य कुनै सरोकारवाला व्यक्ति नभएको समेत सबैमा जानकारी गराउछौं । यस कम्पनीको नाममा निहीत स्वार्थ पूर्ति गर्न नीजले कुनै रकम वा फाइदा लिएको भएमा सो अबैध कार्यबाट उत्पन्न परिणामको जिम्मेवारी नीज पारस कार्की र रूद्र बहादुर राना ले नै लिनुपर्ने जानकारी गरौदछौं । साथै यस कम्पनीलाई बदनाम उदेश्यले नीज पारस कार्की र रूद्र बहादुर राना ले मानिसहरू संग विदेश पठाईदिन्छु भनेर कुनै रकम लिए खाएको भए नीज लाई कानुन बमोजिम कडा सजाय दिन र पिडितहरूको रकम फिर्ता दिलाउन समेत माग गर्दछौ ।

यस कम्पनीसंग कारोबार गर्ने वा गर्नुपर्ने मानिसहरूले कम्पनीको अधिकारिक व्यक्ति हो हैन भन्ने यकीन हुन कार्यालयमा आई राम्रोसंग सबै कुरा बुझेर मात्र व्यवहार वा कारोबार गर्न हुन र अबैध मानिसहरू संग सधै सचेत रहन हुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

STAR
श्रम ईजाजत नं. ७९४/०६५/०६६

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Tokha-10, Kathmandu, Nepal
Tel: 01-4963257



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD

पूर्व स्वीकृति मिति : २०७९/१०/१६ पून स्वीकृति मिति : २०८०/०२/०४ LT. No. 280320 चलानी नं.६०१९५८२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 20 | 0 | 120 | ४१,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 80 | 0 | 100 | ३४,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**K & C International Pvt. Ltd**
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633



## जो जससँग सम्बन्धित

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त **Honesty Overseas Pvt.ltd** (इजाजतपत्र नं.१०००/०६८/०६९) बाट यस प्रा लि को नाम प्रयोग गरेर बैदेशिक रोजगारमा पठाई दिन्छु भनि राहदानी र रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा लि को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा लि को नाममा गरिने बैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण काम यस प्रा लि बाट मात्र गर्नु र आर्थिक कारोबार यस प्रा लि को लेखा शाखाबाट मात्र गर्नु हुन जानकारी गरौदछौं साथै व्यतिगत रूपमा यस प्रा लि का संचालक तथा कर्मचारीहरूसंग पनि कारोबार नगर्न र नगराऊन अनुरोध गर्दछौं । अन्यथा गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गरौदछौं । यस प्रा लि को नाममा अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गरौदछौं ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०२/०५

यस कम्पनीको मिति २०८०/०२/०१ मा सम्पन्न बिशेष साधारणसभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **पुष्कराक्ष सोलुसन प्रा.लि. (प्रा.लि. नं. १८९५८१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ट्रेड नेपाल मल्टिपर्पोज सोलुसन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## अनलाईन पत्रिकाको कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०२/०५**

**nepalnewsline.com** नामक अनलाईन, ब्रोडकास्ट मिडिया नेटवर्क प्रा.लि. ले प्रकाशन र प्रशारित गर्दै आएकोमा कम्पनीको नाम परिवर्तन गरी संचालक तथा सम्पादक यथावत रही **हेडलाईन टुडे प्रा. लि.** को नामबाट प्रकाशन/प्रशारित हुने व्यहोराको जानकारी गराउँदछौं ।

*nepalnewsline.com*



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASSURED ENGINEERING SDN.BHD.

पूर्व स्वीकृति मिति: २०८०/०२/०४ LT. No.286229 चलानी नं. ६०२०१६३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FERO MALTECH INDUSTRIES (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/०४ LT. No. : 286259 चलानी नं.: ६०२०१६५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 16 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULU HYPERMARKET LLC BRANC

पुर्व स्वीकृति मिति २०८०/०२/४ LT. No. 285994 चलानी नं. ६०२००३७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman (Stall and Market Salesperson) | 350 | 0 | 1300 | ४६७५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क ।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
श्रम ईजाजत नं. २३५/०५८/०५९
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np



## मलेशीयामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SBH PERAK AGRO AQUACULTURE SDN. BHD.

पुर्व स्वीकृति मिति : २०७९/१०/१७ पून स्वीकृति मिति : २०८०/०२/०४ LT. No. 280304 चलानी नं. ६०१९५५७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aquaculture Workers | 13 | 0 | 1500 | ४६०३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COMPREHENSIVE HOST RESTAURANT TO SERVICESE MEALS

पुर्व स्वीकृति मिति २०८०/०२/०४ LT. No. 286163 चलानी नं. ६०२०१६२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1500 | ५२,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75
National Exports Manpower Consultant Pvt. Ltd.

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



Makawanpurgadhi Rural Municipality

## Office of Rural Municipal Executive

Makranchuli, Makawanpur
Bagamati Province, Nepal

### Notice of Technical Bid Approval

**(Date of Publication : 2080/02/05)**

As per our Bid Invitation Notice for construction of following package Published in "Madhyana" on 2079/12/17. Submission of bids upto 12:00 hrs of 2080/01/21 and their subsequent technical bid evaluation, this is to notify to all the bidders who submitted their technical bids that the following responsive Bidders are selected for opening in Financial proposal/bid. This notice has been published pursuant to Clause 27(2) and (3) of PPA 2063 for purpose of clause 47 of same Act, any bidder who disagrees with the decision, can give application for review within seven days starting from the date of publication of this notice. The Financial proposal/bid will be opened at 13:00 o'clock on 2080/02/12 at same office.

A) **Contract No: 15/MGRM/NCB/WORKS/2079-80**

B) **Contract Name: CONSTRUCTION OF SARADA SCHOOL BUILDING**

| SN | Name of Firm | SN | Name of Firm |
|---|---|---|---|
| 1 | Earth Designers and Developers Pvt. Ltd., Hetauda-6, Makawanpur | 5 | Upama Nirman Sewa, Kmc-35, Koteshwor, Kathmandu |
| 2 | Bista incorporation., Chabahil-7 | 6 | Kalapani Construction and Suppliers Pvt. Ltd, Buddhanagar, Kathmandu |
| 3 | JV Name: AMIT - DD J/V., Hetauda-2, Sangamchwok | 7 | JV Name: Hamrokatuwal/vision/Itihas jv., Hatiya-6, Makawanpur |
| 4 | Shreeganesh Construction, Gadhi-4, Makwanpur | | |

*Chief Administrative Officer*

# सुनसरीमा २२ सय जनाको नि:शुल्क आँखा जाँच

**काठमाडौं (प्रस)–** नेपाल नेत्रज्योति संघ पूर्वाञ्चल क्षेत्रीय आँखा उपचार कार्यक्रम विराटनगर आँखा अस्पताल र देवानगञ्ज गाउँपालिका सुनसरीको संयुक्त आयोजनामा देवानगञ्ज गाउँपालिकामा दुईदिने नि:शुल्क आँखा जाँच तथा शल्यक्रिया शिविर सम्पन्न भएको छ ।

नुरदुबई फाउन्डेसनको आर्थिक सहयोगमा सम्पन्न आँखा शिविरमार्फत दुई हजार १९९ जनाको आँखा परीक्षण गर्दा २४२ जनामा मोतिबिन्दुको समस्या देखिएको छ। अस्पतालकी मेडिकल सुपरिटेन्डेन्ट डा. रक्षा पन्तले बुधबारसम्ममा १५४ बिरामीको मोतिबिन्दुको नि:शुल्क शल्यक्रिया गरिसकिएको र बाँकी बिरामी बिरामीको नि:शुल्क शल्यक्रिया गरिने जानकारी दिए ।

यही जेठ १ र २ गते देवानगञ्जमा सञ्चालित उक्त शिविरमार्फत दृष्टिदोष भएका ९१९ बिरामीलाई नि:शुल्क चस्मासमेत वितरण गरिएको थियो । विराटनगर आँखा अस्पतालका बाहय कार्यक्रम संयोजक मोहम्मद रफिकले शिविरमा मोतिबिन्दु देखिएका बिरामीलाई विराटनगर आँखा अस्पतालमा ल्याई नि:शुल्क शल्यक्रिया गरिएको जानकारी दिए । सो अवसरमा आँखा उपचारको पहुँच र आर्थिक अभावमा लामो समयदेखि दृष्टिविहीन बस्न बाध्य भएका बिरामीले आफ्नो घर आँगनमै नि:शुल्क आँखा उपचार सेवा पाएपछि खुसी हुँदै स्वास्थ्यकर्मीलाई धन्यवादसमेत दिएका थिए ।

अस्पतालका प्रबन्धक कुमार पृथुले शिविरमार्फत सुनसरी जिल्लासहितका छिमेकी जिल्लाका र सीमा क्षेत्रका भारतका नागरिकसमेत लाभान्वित भएको बताए । विराटनगर आँखा अस्पतालका नेत्र रोग विशेषज्ञ डा. सुमित मिश्र र डा. प्रिति अग्रवालको नेतृत्वको टोलीले शिविरमा सेवा प्रवाह गरेका थिए ।

नेपाल नेत्रज्योति संघ पूर्वाञ्चल आँखा स्वास्थ्य कार्यक्रमअन्तर्गत हाल दुई आँखा अस्पताल र ३१ आँखा उपचार केन्द्र सञ्चालनमा छन् । सन् २०२२ मा पूर्वाञ्चल आँखा स्वास्थ्य कार्यक्रमअन्तर्गत सञ्चालित अस्पताल, आँखा उपचार केन्द्र तथा विभिन्न बाहय कार्यक्रममार्फत १२ लाख १३ हजार ३२६ जनाको आँखा जाँच गरी एक लाख ३१ हजार ८४६ जनाको शल्यक्रिया गरिएको थियो । त्यसैगरी स्थापनाकालदेखि सन् २०२२ सम्ममा यस संस्थामार्फत एक करोड २४ लाख ३० हजार ४७६ जनाको आँखा जाँच गरी २० लाख ९४ हजार १५ जनाको शल्यक्रिया गरिएको छ ।

त्यस्तै सन् २०२२ मा १५४ नि:शुल्क आँखा शिविर सञ्चालन गरी छ हजार १३० जनाको नि:शुल्क मोतिबिन्दुको शल्यक्रियासमेत गरिएको थियो । पूर्वाञ्चल आँखा उपचार कार्यक्रमका प्रमुख प्रशासक सुधीर ठाकुरले पहुँच र आर्थिक अभावमा कोही पनि नागरिक दृष्टिविहीन बस्नु नपरोस् र सन् २०३० सम्ममा नेपालबाट उपचारपछि निको हुने अन्धोपन निवारण गर्ने सरकारको योजनालाई सफल बनाउने गरी आफ्नो सेवालाई विस्तार गरिरहेको जानकारी दिए ।

नेत्रज्योति संघका केन्द्रीय सदस्य एवं विराटनगर आँखा अस्पताल व्यवस्थापन समिति अध्यक्ष पद्मनारायण चौधरीले नेपाल नेत्रज्योति संघले सन् २०३० सम्ममा नेपालका हरेक स्थानीय तहसम्म आँखा स्वास्थ्य सेवालाई विस्तार गर्ने लक्ष्य लिएकाले सोहीअनुरूप अहिले काम अगाडि बढिरहेको बताए ।


## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1.Public Relation Officer (PRO) 10
2.Documentation Officer 2
3.Receptionist 2

**योग्यता:** Receptionist को लागि +2 pass, Documentation को लागि Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभवी तथा PRO को लागि सम्बन्धित क्षेत्रमा अनुभवी भएको

**तलब: आपसी समझदारीमा**

**ASIA LINK SERVICES PVT. LTD.**
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



## प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड

PRABHU STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.

**वीरगंज महानगरपालिका वडा नं. ३२ पर्सा, नेपाल को**

**शेयरबापतको रकम भुक्तानी गर्न शेयरधनीहरूको नाममा जारी गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति : जेठ ५, २०८०**

यस **प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड** कम्पनीको मिति: फाल्गुण १०, २०७९ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम सबै संस्थापक शेयरधनीहरूले लिन कबुल गरेको शेयरपूँजीको १००% (शतप्रतिशत) पुऱ्याउन बाँकी रहेको सम्पूर्ण शेयरवापतको रकम कम्पनीको कुमारी बैंक लिमिटेड, तिनकुने शाखाको चल्ती खाता नं. २३५०२६८६९९१००००१ मा मिति आषाढ ७, २०८० भित्र दाखिला गर्नु हुन कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (३) बमोजिम अनुरोध गर्दै यस समय भित्र रकम दाखिला नगर्ने शेयर धनीहरुको शेयर जफत हुने व्यहोरा सूचित गरिन्छ ।

**प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड**
**साविक: गौतम स्टील इन्डस्ट्रिज प्रा.लि.**



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MALAYSIAN DIE-CASTING INDUSTRIES SDN. BHD**

पूर्व स्वीकृति मिति २०७८/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 273898 | चलानी नं. ६०१८९५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 70 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Govt. License 387/059/060
Website: www.paradeshioverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LALIT CLEANING AND CONTRACTING**

पुर्व स्वीकृति मिति : २०८०/०२/०४ | LT. No. 286200 | चलानी नं. : ६०२०१६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1500 | ५४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 3 | 1500 | ५४,२८० | | | | | | | |
| 3 | Data Analyzer | 5 | 0 | 3000 | १०८,५६० | | | | | | | |
| 4 | Foreman | 2 | 0 | 2500 | ९०,४७० | | | | | | | |
| 5 | General Clean Worker | 1 | 5 | 1500 | ५४,२८० | | | | | | | |
| 6 | Labour | 3 | 0 | 1200 | ४३,४२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD**
श्रम ईजाजत नं १५७०/०७९/८०
Sinamangal, Gaushala Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: shivamintlmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ALSEEF ALSHARQI COMPANY**

पूर्व स्वीकृति मिति २०७९/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 283017 | चलानी नं. ६०१९८४६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 3 | 0 | 1500 | ५२,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ALSEEF ALSHARQI COMPANY**

पूर्व स्वीकृति मिति २०७९/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 283015 | चलानी नं. ६०१९८४६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1500 | ५२,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **STAR Riyadh READY MIX CONCRETE FACTORY**

पूर्व स्वीकृति मिति: २०७८/०८/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 252014 | चलानी नं. ६०१६८९६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole vehicle Driver | 4 | 0 | 1800 | ६३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३८४/०५९/०६०
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KINGDOM TECHNOLOGY GENERAL CONTRACTING EST.**

पूर्व स्वीकृति मिति : २०७९/११/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 282447 | चलानी नं. ६०१९७९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Unique Occupation Worker (Labour) | 4 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MASHREQEEN CORPORATION SERVICES FOR GENERAL CONTRACTING EST.**

पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 283401 | चलानी नं. ६०१९८८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Driver | 2 | 0 | 1800 | ६३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **NASSQ INTERNATIONAL CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०७९/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 283037 | चलानी नं. ६०१९८४२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 25 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SALEH SALMAN SALEH AL AABID AGRICULTURAL FARM**

पूर्व स्वीकृति मिति २०७९/११/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 281727 | चलानी नं. ६०१९७२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nursery Worker | 1 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SANA AL AWAEL CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०७९/११/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT No.281086 | चलानी नं. ६०१९६५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drill Labour | 8 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **TAUAH JASSIM AL AASHOUR CARPENTRY WORKSHOP**

पूर्व स्वीकृति मिति २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT No.284256 | चलानी नं. ६०१९९८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 1 | 0 | 1200 | ४२,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **AL MASHREQEEN TRANSPORT COMPANY**

पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 283403 | चलानी नं. ६०१९८८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Vehicle Driver | 3 | 0 | 1800 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 12 | 0 | 1800 | ३५,१३५ | | | | | | | |

कम्पनी : **HUSSAIN AL HABABI TRADING COMPANY**

पूर्व स्वीकृति मिति २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT No.284371 | चलानी नं. ६०१९९८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 15 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MUNIRA ZAID JAMMANAL LAHIBI CEMENT FACTORY**

पूर्व स्वीकृति मिति २०८०/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 286167 | चलानी नं. ६०२०१६२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download Labour | 5 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **GULF DESERT CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 286166 | चलानी नं. ६०२०१६२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download operator | 18 | 0 | 1200 | ४२,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: **RAOUM BUFFET TO SERVE MEALS**

पूर्व स्वीकृति मिति २०७९/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No.282776 | चलानी नं. ६०१९८१४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **MUSANADA TRANSPORT COMPANY IS ONE PERSON COMPANY**

पूर्व स्वीकृति मिति २०७८/५/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०४ | LT. No. 245234 | चलानी नं. ६०१९६८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 1 | 0 | 1800 | ६३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १२ गते (26th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



**बैजनाथ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

**सुचना प्रकाशित मिति २०८०/०२/०५**

यस कार्यालयको मिति २०७९/११/२१ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित सुचना बमोजिम बैजनाथ गाउँपालिकाका आ.व.०७९/८० मा सार्वजनिक निर्माण कार्य गर्नको लागि प्रकाशित सुचना अनुसार उल्लेखित मिति भित्र दर्ता हुन आएका बोलपत्रहरूको मुल्यांकन हुँदा तपसिल बमोजिमका बोलपत्र दाताहरूको बोलपत्रहरू स्वीकृत गर्ने आशयको ७ दिने सुचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का न | स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|
| BRM/NCB/WORKS/BUILDING/17 -079/80 :- Construction of 15 Bed Hospital Baijanath Rural Municipality Rampur-05, Banke | Bayan Builders Pvt.Ltd.- Sky Builders ( B.Seven Construction Pvt. Ltd. Bishalnagar-05, Kathamandu | १७५७२१९६६ (अक्षरूपी सत्र करोड सन्ताउन्न लाख एक्काइस हजार नौ सय छैसठी मात्र ) | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### वैदेशिक रोजगारीमा हुने ठगी रोक

जुनसुकै नेताले स्वदेशमै रोजगार सिर्जना गर्ने भनेर जतिसुकै ठोकुवा गरे पनि वैदेशिक रोजगार अपरिहार्य भइसकेको छ। 'सूर्य अस्त, नेपाल मस्त' भनेझैं नेपालमा न त व्यवसायको वातावरण छ, न त पूर्ण रोजगारको।

नेपाली शिक्षाको पाठ्यक्रम हेर्ने हो भने झनै विरक्तलाग्दो छ स्थिति । १६/१७ वर्ष समय र जवानी शिक्षामा बिताएर सर्टिफिकेट लिएका युवालाई सरकारले कृषिमा ऋण दिन्छ । पुरानै दैनिकीमा फर्कनुपर्दा व्यक्तिले शिक्षामा गरेको लगानी त बालुवामा पानी हुने भयो नै राज्यको लगानी पनि स्वाह नै हुन्छ। अझ ऋणै लिएर डिग्री लिएपछि फेरि ऋणै लिएर कृषिमा फर्कनुपर्दा को टिक्ला नेपालमा ?

यो हो ७० को दशकमा युवाले भोगेको समस्या। अहिले यो समस्याबाट चेत लिएकाहरूले आफ्ना छोराछोरीलाई सानैबाट महजोडीको दाल, भात, तरकारी चलचित्रको 'भिजिट भिसामा हजुर भिजिट भिसामा, भुइँ छोडेर उड्ने हजुर पश्चिम दिशामा' भन्ने गीतकै लयमा तयारी गराउँछन्। भए अमेरिका, क्यानडा, नभए अस्ट्रेलिया जापान। त्यता पनि भाग्य नलागे खाडी छँदै छ ।

यही दौरानमा युवाहरू ठगिएका छन् । नेपालमै सरकारबाट लुटिएका छन् । अनधिकृत दलालबाट लुटिएका छन् । पछिल्लो नक्कली शरणार्थी प्रकरण यसको ज्वलन्त उदाहरण हो। बन्द भइसकेको शरणार्थी कोटामा त युवाहरू फसे भने खुला देशहरूमा लोभिनु ठूलो कुरा रहेन। यो प्रकरणमा २३ करोड बराबरको ठगी भएको खुलेको छ । तर यो भन्दा विकराल रिपोर्ट छ वैदेशिक रोजगारी। विभिन्न स्थानमा लैजाने प्रलोभन देखाएर चालु आर्थिक वर्षको १० महिनामा गैरकानुनी बिचौलिया र एजेन्टहरूबाट ७६ करोड रूपैयाँ ठगी गरेको पाइएको छ । विभागका अनुसार अघिल्लो आर्थिक वर्ष २०७८/७९ देखि अहिलेसम्म एजेन्ट र बिचौलियाबाट एक अर्ब २६ करोड २२ लाख दुई हजार ४१७ ठगी भएको छ।

नेताहरू चुनावमा गाउँलाई बसुँबसुँ लाग्ने वातावरण बनाउँछु भन्दै जितेर नफर्केको धेरै भइसक्यो । यस्तै नारा लिएर जितेर पाँच वर्षपछि फर्केकाहरूलाई जनताले मतदानबाट पाता कसेर लडाएर पठाएको घटना छर्लंगै छ। तर यो त एउटा प्रक्रिया हो, एउटा नेता हारे अर्को नेताले जित्छन् नै । तिनले प्रणाली सुधार्ने र सुशासन बनाउनेतर्फ ध्यान नदिँदा ठगी जस्ताको तस्तै छ। साँझ नपर्दै प्रहरी खटाएर पसल बन्द गराउने विधिले देश बन्दैन। त्यसैले वैदेशिक रोजगारीमा हुने ठगी रोक। देशमै गरिखाने वातावरण बनाऊ।

## मननयोग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो। उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन। म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु। ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन्।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ। विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए। वस्त्र बदली स्नान गर्न कुवातिर लागे। आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु।'

क्रमशः

# डिजिटल रूपान्तरणको बाटोमा



▶▶ आनन्दराज खनाल

> अझै पर जाँदा हामी 'डिजिटल रूपान्तरण'को चरणमा पुग्नेछौं । त्यो भनेको त हाम्रो सोच, संस्कार, काम गर्ने संस्कृति, स्वभाव सबै नै रूपान्तरण हुने छन् । जतातत्तै, जुनसुकै काममा पनि प्रविधिको प्रयोग हुनेछ । यसले बिजनेस मोडेलमा परिवर्तन ल्याउनेछ । सेवाग्राहीको व्यक्तिगत चाहना र रूचिअनुसार सेवा दिइनेछ । र, मानिसहरूले यस्तो चरणको कल्पना गरेका छन्, जसलाई उनीहरु 'डिजिटल सिंगुलारिटी' भनेका छन् । प्रविधि र मानव स्वभावको पूर्ण अन्तरघुलनको अवस्था । हाम्रो कल्पना र धरातलीय यथार्थका दृष्टिले स्वैर कल्पना ।

विश्वका अल्पविकसित देशहरू विभिन्न खाले डिजिटल विभाजनको गहिराइमा भासिएका छन्। अन्तर्राष्ट्रिय दूरसञ्चार संघले प्रकाशित गरेको तथ्यांकअनुसार सन् २०२२ को अन्त्यसम्ममा इन्टरनेटमा नजोडिएका २.७ अर्ब मानिसमध्ये करिब एक तिहाइ जनसंख्या ४६ अल्पविकसित देशमा बसोबास गर्दछन्।

इन्टरनेट प्रयोगको अवस्था हेर्ने हो भने सन् २०२२ मा अतिकम विकसित देशहरूमा जनसंख्याको ३६ प्रतिशत मानिसमात्र अनलाइनमा रहेका छन् । लैंगिक दृष्टिकोणबाट हेर्दा यी देशहरूमा ४३ प्रतिशत पुरुष जनसंख्या अनलाइन थिए भने अनलाइन महिलाहरूको प्रतिशत केवल ३० प्रतिशतमात्र छ । त्यस्तै, ४८ प्रतिशत युवाहरू (१५-२४ वर्षका) अनलाइनमा थिए । सहरी क्षेत्रमा जनसंख्याको ५२ प्रतिशतको तुलनामा ग्रामीण क्षेत्रमा जनसंख्याको २८ प्रतिशतमात्र अनलाइनमा थिए ।

नेपालको कुरा गर्दा नेपाल दूरसञ्चार प्राधिकरणले यसरी छुट्याएर तथ्यांक संकलन गर्दैन र सार्वजनिक गरिने तथ्यांक पनि कसैले एकपटक सेवा लिएका आधारमा सेवा लिन बन्द गरे पनि गणना हुने गरी संकलन गरिन्छ । एक जनाले धेरै सेवा प्रदायकको सेवा लिइरहेको भए त्यो पनि छुट्टिँदैन । प्राधिकरणले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार १२५.८९ प्रतिशत जनसंख्याले मोबाइल सेवा प्रयोग गरेका छन् । यसमा थ्री-जी र फोर-जीकै प्रयोगकर्ता ९२.७८ प्रतिशत छन् । त्यस्तै, १.५६ प्रतिशत जनसंख्याको घरमा टेलिफोन लाइन पुगेको छ । ब्रोडब्यान्डको कुरा गर्दा ९४.३७ प्रतिशत जनसंख्याले यो सेवा प्रयोग गरेका छन् । माथि भनिएजस्तै यी तथ्यांकहरू यथार्थपरक छैनन् ।

देशमा २०५२-६२ को १० वर्षे आन्तरिक द्वन्द्वको मार यो क्षेत्रले पनि नराम्रोसँग भोग्नुपर्‍यो। यतिबेला विस्तार त परै जाओस्, भइरहेका दूरसञ्चार पूर्वाधारहरूको संरक्षणसमेत हुन सकेन। तथापि, हालको स्थितिलाई हेर्दा दूरसञ्चार सेवामा पहुँचका हिसाबले नेपाल अन्य अतिकम विकसित राष्ट्रहरूको तुलनामा औसतभन्दा माथि नै रहेको छ । व्यवस्थित पहुँच, गुणस्तरीय पहुँचका लागि राज्यस्तरबाट थप प्रयास भइरहेकै छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणअन्तर्गत रहेको ग्रामीण दूरसञ्चार विकास कोषबाट दुईवटा ठूला योजना कार्यान्वयन भइरहेका छन् । पहिलो हो अप्टिकल फाइबरमा आधारित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण तथा सञ्चालन । यसअन्तर्गत तीन प्याकेजमा करिब छ हजार किलोमिटरभन्दा बढी अप्टिकल केवल विस्तार र आवश्यक डिडब्ल्यूडिएम तथा कोर राउटरजस्ता नेटवर्क उपकरण जडान गर्नुपर्नेमा खासै प्रगति हुन सकेको देखिन्न । नेपाल टेलिकमको सुस्त काम गर्ने शैली र उसका आफ्नै परियोजना अलपत्र भएका बखत, ग्रामीण दूरसञ्चार विकास कोषअन्तर्गतको परियोजनाहरूले प्राथमिकता नपाउनु स्वाभाविक हुन जान्छ। एउटा परियोजना त अदालतमा पुगेकाले कामै सुरु भएको छैन ।

दोस्रो हो, ब्रोडब्यान्ड एक्सेस नेटवर्क । नगरपालिका, गाउँपालिका तथा सोहीअन्तर्गतका वडा कार्यालय, सामुदायिक मावि सामुदायिक स्वास्थ्य संस्था/केन्द्रहरूमा ब्रोडब्यान्ड सेवा उपलब्ध गराउनका लागि बहुवर्षीयरूपमा १८ वटा परियोजनामार्फत ७४ जिल्लाअन्तर्गतका ७०८ स्थानीय तहका कार्यालय, पाँच हजार ९३३ वडा कार्यालय, पाँच हजार २९९ सामुदायिक मावि र चार हजार २३७ स्वास्थ्य संस्था गरी कूल १६ हजार १७७ स्थानमा ब्रोडब्यान्ड सेवा उपलब्ध गराइएको छ। साथै, उपत्यकाभित्र सेवा नपुगेका ललितपुर जिल्लाअन्तर्गतका गाउँपालिका, सामुदायिक शैक्षिक संस्था, स्वास्थ्य संस्थाहरूमासमेत ब्रोडब्यान्ड सेवा उपलब्ध गराउने कार्यक्रमअन्तर्गत कूल १३४ स्थानमा ब्रोडब्यान्ड इन्टरनेट सेवा उपलब्ध गराइएको छ।

ब्याकबोन नेटवर्क नै नबनी सुरु भएका यी परियोजनाहरू पूरा भए पनि आवश्यकताअनुसारको न गुणस्तर छ, न क्षमताका छन्। तसर्थ, यी परियोजनाले लक्षित प्रतिफल दिने सम्भावना भने कम छन् । तर, इन्टरनेट नै नभएका स्थानमा कम गुणस्तर र कम क्षमताकै भए पनि इन्टरनेट पुग्नुलाई भने ठूलै उपलब्धि मान्नुपर्ने हुन्छ । दूरसञ्चार सेवाको पहुँचका लागि निजी तथा सार्वजनिक सेवा प्रदायकहरूले आ-आफ्नै ढंगले काम गरिरहेकै थिए तर सार्वजनिक-निजी साझेदारीअन्तर्गत अघि बढेका यी परियोजनाले निजी क्षेत्रको प्रयासमा थप टेवा भने पुगेको छ।

अर्को विषय हो डिजिटल रूपान्तरण। यसका लागि इन्टरनेटलगायत अन्य डिजिटल प्रविधिमा सबैको पहुँच अनिवार्य सर्त हो । इन्टरनेटको प्रयोग र अवलम्बनका सम्बन्धमा चारवटा अवरोध देखिन्छ । पहिलो त सहज पहुँच नै हो । अघि नै भनियो, पहुँचका दृष्टिकोणबाट नेपालको विकास सन्तोषजनक नै छ र थप प्रयास पनि भइरहेका छन् । क्रयशक्तिको कमीले पहुँचमा अवरोध, सीपको अभाव र सान्दर्भिकताको अभाव । दोस्रो आयाममा कुरा गर्दा यी चारै अवरोध चिर्नुपर्ने हुन्छ ।

दोस्रो आयाम भनेको डिजिटल रूपान्तरण हो । डिजिटल रूपान्तरण एउटा नियमित प्रक्रिया हो । यसको सुरुआत भनेको हाम्रा एनालग डेटाहरूलाई पहिला डिजिटल रूपमा परिवर्तन गर्नु । जस्तैः हाम्रा कागजमा रहेका दस्तावेजहरू, चित्रहरू, अडियो, भिडियोजस्ता सबै सूचना रहेका सामग्रीलाई एनालगबाट डिजिटल रूपमा परिवर्तन गर्नु पर्‍यो । यो प्रक्रियालाई हामी 'डिजिटाइजिङ' भन्न सक्छौं अर्थात् एनालगलाई डिजिटलमा लैजाने कार्य ।

नेपालको कुरा गर्ने हो भने हामीले यो चरणमा प्रवेश गरेका छौं तर पूरा गरेका छैनौं । कतै यो कर्म भइरहेको छ भने कतै सुरु नै नभएको पनि अवस्था छ । हामीले ती सामग्रीको उपयोगिता मूल्यांकन गरेर प्राथमिकताका आधारमा यो चरण पार गर्नैपर्ने हुन्छ । डिजिटलरूपमा उपलब्ध सामग्रीलाई मात्र अन्य डिजिटल प्रविधिको प्रयोग गरी उपयोगी बनाउन सकिन्छ । तसर्थ डिजिटाइजेसन पहिलो सर्त हो, डिजिटल रूपान्तरणका लागि । यी त भए पहिलेकै एनालगमा रहेका सामग्रीको डिजिटलाइज गर्ने कुरा । अब सिर्जना गरिने सबै सामग्री डिजिटल रूपमा नै हुनुपर्छ भन्ने हेक्का राखौं ।

नेपालमै पनि यदाकदा सुनिने शब्द हो 'अफिस अटोमेसन' । 'अफिस अटोमेसन' भन्नाले हामी के बुझ्छौं भने हाम्रो कार्यालयले कसैलाई 'अफिस अटोमेसन' सफ्टवेयर निर्माण गर्न दियो। यसमा हामीले कार्यालयमा हुने दर्तादेखि चलानीसम्म कम्प्युटरकै माध्यमबाट गर्ने गर्छौं । टिप्पणी लेख्ने काम पनि कम्प्युटरबाटै हुने भयो । सफ्टवेयरबाटै टिप्पणी आदानप्रदान हुने भयो । नेपाली कागजमा न त हातले लेख्नपर्‍यो न त प्रिन्ट नै गर्न पर्‍यो । गज्जबै भयो। तर, विडम्बना के भने दर्तामा बस्नेले अरूले ल्याएको निवेदन र विवरण स्क्यान गरेर कम्प्युटरमा भण्डारण गर्नुपर्‍यो ।

जुन उद्देश्यबाट निवेदनमाथि कारबाही हुने हो ती सबैकामा पालैपालो त्यो दस्तावेज कम्प्युटरबाटै पुग्ने भयो । उसले पहिलेजस्तै निवेदनमा तोक लगाउने भयो, टिप्पणी उठाउने, विभिन्न तहमा पेस गर्दै जाने र निर्णय गर्नेले निर्णय गरेपछि पुनः त्यही क्रममा फर्केर टिप्पणी उठाउने कहाँ पुगेपछि उसले निर्णयानुसारको पत्र तयार गर्ने, चलानी गर्न लगाउने र निवेदक पुनः कार्यालय आएर लिएर जाने हुन्छ। यसमा न समयको कुनै सीमा तोकिएको हुन्छ न, उद्देश्यको संख्या घटाइएको हुन्छ, न त अनलाइनबाट निवेदन पेस गर्न मिल्छ न इमेलबाट निर्णयानुसारको पत्र नै प्राप्त हुन्छ निवेदकलाई। यस्तो प्रक्रिया अवलम्बन गर्नुपर्ने सफ्टवेयर राखेर हामीले अफिस अटोमेसन गरेका छौं भनेर डिजिटल रूपान्तरणकै नेतृत्व गर्ने मन्त्रालय र अन्तर्गतका निकायहरूको बुझाइप्रति करुणाभाव उत्पन्न हुने अवस्था विद्यमान छ।

वास्तवमा 'अफिस अटोमेसन' भनेको त त्यस्तो प्रणाली हुनुपर्‍यो, जसमा निवेदकले अनलाइनबाटै आवश्यक विवरणसहितको निवेदन पेस गर्छ, त्यो निवेदन र विवरण, सफ्टवेयरले नै रुजु गर्छ र निर्णय गरी मागबमोजिमको दस्तावेज निवेदकलाई उपलब्ध गराइदिन्छ। यो हाम्रो मुलुकको कर्मचारीतन्त्रका लागि सोच्न पनि मन नलाग्ने अवस्था हो । यतातिरको यात्रा हामी दूर भविष्यसम्म पनि गर्ने छैनौं। यदाकदा हामी 'डिजिटलाइजेसन' भनेको सुन्छौं । त्यो भनेको के भने-हामीसँग भएका डिजिटल सूचना, तथ्यांक वा दस्तावेजका आधारमा हामीले उपलब्ध भएका अन्य डिजिटल प्रविधि प्रयोगगरी हाम्रो काम कारबाहीलाई सहज बनाउनेछौं। हामी क्लाउड कम्प्युटिङदेखि बिग डेटा, डेटा एनालिटिक्स, एआई, डिप लर्निङ, मसिन लर्निङ, आइओटीजस्ता अनेकौं डिजिटल प्रविधि प्रयोग गरेर आफ्नो काममा चुस्तता र प्रभावकारिता ल्याउनेछौं। दस्तावेज हामी आफैं रुजु गर्ने छैनौं, प्रविधिले गर्नेछ । निर्णय गर्न हामी प्रविधिको सहायता लिनेछौं आदि ।

अझै पर जाँदा हामी 'डिजिटल रूपान्तरण'को चरणमा पुग्नेछौं । त्यो भनेको त हाम्रो सोच, संस्कार, काम गर्ने संस्कृति, स्वभाव सबै नै रूपान्तरण हुने छन् । जतातत्तै, जुनसुकै काममा पनि प्रविधिको प्रयोग हुनेछ । यसले बिजनेस मोडेलमा परिवर्तन ल्याउनेछ । सेवाग्राहीको व्यक्तिगत चाहना र रुचिअनुसार सेवा दिइनेछ । र, मानिसहरूले यस्तो चरणको कल्पना गरेका छन्, जसलाई उनीहरू 'डिजिटल सिंगुलारिटी' भनेका छन् । प्रविधि र मानव स्वभावको पूर्ण अन्तरघुलनको अवस्था। हाम्रो कल्पना र धरातलीय यथार्थका दृष्टिले स्वैर कल्पना ।

डिजिटल रूपान्तरणको कुरा गर्दैगर्दा म अझै पनि यी प्रश्नहरू 'के हामी पारदर्शी हुन चाहन्छौं ? के हामी प्रभावकारी व्यवस्था चाहन्छौं ? के हामी कुशल अभ्यास गर्न चाहन्छौं ? के हामी सेवाग्राहीलाई नभेटी सेवा प्रवाह गर्न चाहन्छौं ? के हामीलाई समयको चाप महसुस हुन्छ ? के हामी देश र जनताको हितमा आफूले खाइपाइ आएको 'अन्य' सुविधा त्याग्न तत्पर छौं ? के हामी भ्रष्टाचार शून्य प्रशासन-व्यवस्थापनको पक्षधर हौं ?' को सकारात्मक जवाफ पाउन सकिँदैन ।

यी दुवै प्रयासहरूमा सार्वजनिक र निजी दुवै क्षेत्रहरूको भूमिका रहने छ । यसैका लागि अन्तर्राष्ट्रिय दूरसञ्चार संघले 'पार्टनर टू कन्टचाक्ट डिजिटल कोलिसन' स्थापना गरेको छ । यसैमार्फत अति कम विकसित देशहरूको सशक्तीकरणका लागि सार्वजनिक र निजी दुवै क्षेत्रहरूलाई उल्लेख्य भूमिका खेल्न आह्वानसमेत गरिएको छ। नेपालले पनि पहल गरेको खण्डमा यस कोलिसनमार्फत आर्थिक र प्राविधिक सहयोग लिएर अघि बढ्न सक्दछ। *रासस*

*(लेखक नेपाल दूरसञ्चार प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक हुन्)*

## पत्र-मञ्जुषा

### गृहमन्त्रीज्यू ! भ्रष्टाचारको एउटा फाइल खोल्दैमा मख्ख नपर्नूस्

गृहमन्त्री नारायणकाजी श्रेष्ठको हाल सर्वत्र तारिफ भइरहेको छ । नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठगी गर्नेहरूलाई समात्न थालेपछि गृहमन्त्री श्रेष्ठको वाहीवाही भएको हो । सर्वसाधारण उनको काम देखेर मख्ख छन् । तर, साँच्चै नै भन्ने हो भने यो एकदमै सानो काम हो । किनकि हरेक क्षेत्र भ्रष्टाचारको दलदलमा फसेको छ । भ्रष्टाचारले मुलुकलाई नै खोक्रो बनाइसकेको छ । पाइलैपिच्छे यहाँ भ्रष्टाचार हुन्छ, ठगी हुन्छ ।

गृहमन्त्री श्रेष्ठको काम यतिमै सकिँदैन । उनले गर्नुपर्ने अझैपनि धेरै काम छन्, जुन भटाभट अघि बढाउनुपर्ने देखिन्छ । एउटै काममा पाएको वाहीवाही बटुलेर हात बाँधेर बस्ने हो भने त्यसको कुनै अर्थ रहँदैन । बजारमा व्यापक कालोबजारी छ । व्यापारीहरूले सामानको मनलाग्दी रकम लिएर ठगिरहेका छन् । एक सयको सामान ५०० रूपैयाँमा बेच्ने क्रम जारी छ । म्यानपावरहरूले नेपालीलाई विदेश पठाउने भन्दै विचल्ली बनाइरहेका छन् । कमाउने सपना देखेर विदेश जान लागेका र गइसकेकाहरूको ठगहरूले बिल्लीबाठ बनाइदिएका छन् ।

वैदेशिक रोजगारीका नाममा ठगी गरेका समाचारहरू दिनहुँजसो बाहिर आइरहेका हुन्छन् । यसलाई कसले रोक्ने ? विदेश पठाउने भन्दै लुट्ने काम रोकिन सकेको छैन । गृहमन्त्री श्रेष्ठको वैदेशिक रोजगारीका नाममा भइरहेको ठगीतर्फ पनि ध्यान जाओस्। अहिले सबैभन्दा धेरै बेतिथि देखिएको क्षेत्र हो, बैंक तथा वित्तिय संस्था । बैंकको ठगीधन्दा अहिले व्यापक बाहिर आइरहेको छ । तर, सरकार हात बाँधेर बसेको छ । सहकारीहरू दिनहुँ भागिरहेका छन् ।

अलिअलि बचत हुन्छ भनेर जम्मा गरेको पैसा डुबेपछि बचतकर्ताहरू तनावमा परेका छन् । सहकारीले आफ्नो बचत फिर्ता नदिएपछि हालैमात्र एक बचतकर्ताले आत्महत्या गरेको खबर सार्वजनिक भयो । यस्तै पारा हो भने बचतकर्ताहरूले पैसासँगै ज्यान पनि गुमाउने छन् । सहकारीका कारण सर्वसाधारण 'मर्नु न बाँच्नु'को अवस्थामा पुगेका छन् । तर, सरकार रमिते बनेर हेरिरहेको छ । न त्यस्ता सहकारी सञ्चालकलाई कारबाहीको दायरामा ल्याउँछ न बचतकर्ताको रकम फिर्ता गर्न पहल नै गर्छ ।

यता, यातायात क्षेत्रमा लामो समयदेखि सिण्डिकेट छ । कालो प्लेटको ट्याक्सी, हरियो प्लेटको ट्याक्सी, ढुवानी गाडीमा अझै पनि सिण्डिकेट कायमै छ । यातायात व्यवसायीको दादागिरी दिनहुँ बढ्दै गइरहेको छ। सार्वजनिक सवारी साधन न्यून भएकाले यात्रु दादागिरी सहन बाध्य छन् । सरकारले न सिण्डिकेट तोड्न सकेको छ न त्यस्ता यातायात व्यवसायीलाई कारबाही गर्न । सरकार लाचार हुँदा यातायात व्यवसायीमा जे गरे पनि हुन्छ भन्ने मनोबल वृद्धि भएको छ ।

ट्याक्सी मिटरमा हिँड्दैन, यात्रुले भनेको ठाँउमा जान मान्दैनन् । छोटो रुट र लामो रुटका गाडीले सरकारले तोकेकोभन्दा बढी भाडा उठाउँदै आएका छन् । २० वर्ष कटेका गाडीहरू बाटोमा मज्जाले गुडिरहेको छ । तर, ट्राफिक प्रहरीले कारबाही गर्न सकेको छैन । ट्राफिक प्रहरीकै अगाडिबाट सार्वजनिक बसहरू कोचाकोच यात्रु हालेर दौडिन्छन् । यद्यपि, ट्राफिक देखेर पनि अनदेखा गर्छ ।

अर्को बेथिति भएको क्षेत्र हो क्रसर उद्योग । अधिकांश क्रसर उद्योग दर्ताबिना सञ्चालनमा छन्। राजनीतिक दलसंगको मिलोमतोमा क्रसर उद्योग सञ्चालकहरूले प्राकृतिक स्रोत साधन दोहन गर्ने काम गरिरहेका छन् । जथाभावी गिट्टी, वालुवा र ढुंगा निकाल्दा वरपरको बस्ती नै जोखिममा परेको छ । त्यसैगरी, गिट्टी, वालुवालगायतका निर्माण सामग्री ओसार्ने टाटा सुमो, टिपरलगायतका सवारीसाधनले ढाला काटेर उपभोक्ता ठग्दै आएका छन् । यी विषयमा पनि गृहमन्त्रीको ध्यान जाओस् ।

– ***अनुसा थापा,*** *भक्तपुर*

#### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# ‘भ्रष्टाचार र कमिसनको जालो अन्त्य गर्छौं’

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले कमिसन र भ्रष्टाचारको जालो तोड्न सरकार निरन्तर लागिपरेको बताएका छन् । नेकपा माओवादी केन्द्रनिकट प्रवास समन्वय समितिका सदस्य तथा प्रवासमा कार्यरत नेपाली बुद्धिजीवीसँग बिहीबार भएको भेटमा उनले भ्रष्टाचारको जालो भताभुंग पार्न आफू निरन्तर लागिपरेको र यसमा नेपाली ‘डायस्पोरा’को पनि साथ चाहिएको बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले कमिसन र भ्रष्टाचारको अन्त्य नगरी आर्थिक समृद्धि र देश विकास गर्ने कुरा सम्भव नरहेको उल्लेख गर्दै भ्रष्टाचार र अनियमिततामा संलग्न जोसुकै भए पनि सरकारले नछाड्ने दृढता व्यक्त गरे ।

‘प्रमाण पुग्ने दोषी जोसुकै भए पनि सरकारले छाड्दैन,’ उनले भने, ‘अनावश्यक र सस्तो लोकप्रियताका लागि तथ्य र प्रमाणविना सरकारले कसैलाई पनि छुँदैन ।’

उनले नक्कली भुटानी शरणार्थी प्रकरणमा निर्दोष नपरुन् भन्नेमा सरकार सचेत रहेको बताए । छानबिनलाई निष्कर्षमा पुर्‍याउन आफूलाई प्रधानमन्त्री पुष्पकमल दाहालले दह्रो साथ दिएको उपप्रधानमन्त्री श्रेष्ठको भनाइ छ ।

सो अवसरमा गृहमन्त्री श्रेष्ठलाई प्रवास समन्वय समितिले बधाई तथा शुभकामना व्यक्त गरेका थिए । भ्रष्टाचार विरोधी सरकारको कदमलाई विश्वभर रहेका नेपालीको साथ र समर्थन रहेको समितिले जनाएको छ । प्रवास समितिले ठगी, मानव तस्करी, सरकारी कागजात कीर्ते र राज्यविरुद्धको अपराध गर्नेमाथि कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएको थियो ।

प्रवास समन्वय समितिका अध्यक्ष ओम शर्माको नेतृत्वको प्रतिनिधिमण्डलमा सहईन्चार्ज लक्ष्मण पन्त, सचिव टेकबहादुर पाठक, कार्यालय सदस्य इन्द्रराज भट्टराई, सदस्यहरू सुरेन्द्र भुसाल, मनऋषि धिताल, डा. कृष्णकुमार श्रेष्ठ, रमेश तिवारी, हर्क थापालगायतको उपस्थिति थियो ।

# तीन नगरको साझेदारीमा फोहोरबाट बायोग्यास उत्पादन

**झापा–** झापाको तीनवटा नगरपालिकाले विश्व बैंक र निजी क्षेत्रसँगको साझेदारीमा फोहोरमैलाबाट बायोग्यास उत्पादन सुरु गरेका छन् । कनकाई, अर्जुनधारा र बिर्तामोड नगरपालिकाले सो लगानी गरेका हुन् । कनकाई नगरपालिका-२ मा बायोग्यास उत्पादनगृह छ । कनकाई-बिर्ता-अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी स्थापना गरेर ती पालिकाले बायोग्यास उत्पादन सुरु गरेका हुन् ।

कम्पनी सञ्चालक समितिका अध्यक्ष मिनाल तिम्सिनाले यसै सातादेखि परीक्षण उत्पादन भइरहेको र चाँडै व्यावसायिकरूपमा बायोग्यास वितरण गरिने बताए । यहाँ उत्पादित बायोग्यासको सिलिण्डर उद्योग र होटलमा बढी उपयोगी हुने उनको भनाइ थियो । उक्त कम्पनीमा २२ करोड रूपैयाँ लगानी हुने र ६० प्रतिशत लगानी तीनवटै पालिकाले व्यहोर्ने सहमति भएको छ । बायोग्यास उप्पादनका लागि विश्व बैंकले पाँच करोड ४६ लाख रूपैयाँ अनुदान दिएको बताइएको छ ।

ती तीनवटै नगरपालिकाको बजार, सडक र आवास क्षेत्रबाट निस्कने कुहिने फोहोर प्रयोग गरेर उक्त कम्पनीले बायोग्यास उत्पादन गर्ने भएको हो । हाल परीक्षणका लागि स्थानीय जंगलमा पाइने झारपातलाई समेत प्रयोगमा ल्याइएको छ । त्यहाँ बायोग्याससँगै जैविक मलसमेत उत्पादन गरिने भएको छ । नकुहिने प्लास्टिकजन्य फोहोरलाई पेलेर पेभर्स नामक निर्माण सामग्री उत्पादन गर्ने उक्त कम्पनीको योजना छ । एलपी ग्यासको तुलनामा बायोग्यास उपभोक्ताका लागि प्रतिसिलिन्डर १५० रूपैयाँ सस्तो पर्ने अध्यक्ष तिम्सिनाको जिकिर थियो ।

चार हजार टन क्षमताको प्लान्टबाट प्रतिघण्टा एक हजार २०० घनमिटर बायोग्यास उत्पादन गर्न सकिने उनले बताए । बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतरा प्रसाईंले यसप्लान्टबाट ग्यास उत्पादन सुरु भए पनि बजारीकरणका लागि छलफल भइरहेको बताए ।

उनले तीनैवटै पालिकाको संयुक्त बैठक बसेर बजारीकरणको बारेमा निकास निकाल्ने योजना सुनाए । ‘फोहोरलाई मोहर बनाउने परियोजना हो यो,’ नगरप्रमुख प्रसाईंले भने, ‘बिर्तामोड नगरपालिकाले कम्पनीमा पठाउने फोहोरलाई स्रोतमै कुहिने र नकुहिने गरी वर्गीकरण गर्नेछ । त्यसकै लागि प्रत्येक वडामा सचेतनामूलक कार्यक्रम भइरहेको छ ।’

सो ऊर्जा प्लान्टमा स्थानीय समुदाय र अन्य पालिकाकोसमेत लगानी बढाउनेबारेमा छलफल भइरहेको उनले बताए । यसैगरी मेचीनगर, शिवसताक्षी र भद्रपुर नगरपालिकालाई पनि फोहोरमैला व्यवस्थापनका लागि यस कम्पनीसँग सहकार्य गराउन छलफल भइरहेको नगरप्रमुख प्रसाईंले जानकारी दिए । जैविक मलसमेत उत्पादन भइरहेकाले यसलाई प्रयोग गर्न उचित भए नभएको जाँच गर्नका लागि प्रयोगशालामा पठाउने तयारी भइरहेको समितिका अध्यक्ष तिम्सिनाले बताए । *रासस*

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी दर्ता खारेजी सूचना

यस कार्यालयमा मिति २०७६/०१/१२ मा दर्ता भएको प्रा.लि.नं. २१३७९३ को **लक्की वासिङ्ग सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०२/०५**

